कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

संस्थापक	☐
सर्वसाधारण	☐

MANJUSHREE

MANJUSHREE FINANCE LIMITED

मञ्जुश्री फाईनान्स लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

रजिष्टर्ड (केन्द्रीय कार्यालय) नयाँबानेश्वर, काठमाण्डौ वडा नं. १०, फोनः ०१-४७८२५१७/४७८३१८५ फ्याक्सः ०१-४७८२५३४
E-mail: info@manjushreefinance.com.np, URL : www.manjushreefinance.com.np

मितिः / /

को

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

मार्फतः
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

कोड नं.

शेयरधनी नं./परिचय नं.

हितग्राही खाता नं.	DP ID	Client ID

श्री संचालक समिति,
मञ्जुश्री फाईनान्स लिमिटेड
नयाँबानेश्वर, काठमाण्डौ, नेपाल ।

महाशय,

त्यस वित्तीय संस्थाबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/११/८ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस वित्तीय संस्थाको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा वित्तीय संस्थाले जारी गरेको एक सय शेयर बराबर पाँच शेयर (१०० : ५) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको .... कित्ता गरि जम्मा...............कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.		हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			**शेयरधनी नं.**			
अभौतिक रुपमा कायम रहेको			**हितग्राही खाता नं.** DP ID			
जम्मा			Client ID			

प्यान नं.		प्रति शेयर रु.१००/– को दरले बुझाएको रकम जम्मा रु.	
अक्षरेपी रुपैयाँ			
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक		
	In English	Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल		गा.वि.स./न.पा.	
Address	Ward/House No./Tole		VDC/Municipality	
जिल्ला		P.o Box No:/District	नागरिकता प्र.नं./जारी भएको जिल्ला	
District			Mobile/phone No.	
बाबुको नाम				
Father's Name				
बाजेको नाम				
Grandfather's/ Name				
पति/पत्नीको नाम				
Husband/Wife's Name				
संरक्षकको नाम (नाबालकको हकमा)				
Guardian's Name (Incase of minor)				

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून वमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौ ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

– –

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

मार्फतः
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

हकप्रद शेयर खरीद रसिद

दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	MANJUSHREE FINANCE LIMITED				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only:

Code No.

Received by:

Date:

Stamp

DP ID	
Client ID	

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

मञ्जुश्री फाईनान्स लिमिटेड

१. संगठित संस्थाको नाम :

मञ्जुश्री फाईनान्स लिमिटेड (MANJUSHREE FINANCE LIMITED)।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.१०, नयाँ बानेश्वरमा रहेकोछ ।

३. कारोवार स्थान :

यस वित्तीय संस्थाको वित्तीय कारोवार गर्ने स्थान नेपालभर रहेने व्यवस्था छ । हाल सञ्चालनमा रहेको कारोवारको स्थान देहाय बमोजिम रहेको छ ।

क्र.सं.	शाखा कार्यालय	क्र.सं.	शाखा कार्यालय	क्र.सं.	शाखा कार्यालय
१.	रजिर्ष्टड केन्द्रीय कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौ	२.	शाखा कार्यालय नारायणघाट, चितवन ।	३.	शाखा कार्यालय न्यूरोड, काठमाण्डौ ।
४.	शाखा कार्यालय बुटवल ।	५.	शाखा कार्यालय धनगढी ।	६.	शाखा कार्यालय ईटहरी ।
७.	शाखा कार्यालय विराटनगर ।	८.	शाखा कार्यालय नेपालगञ्ज ।	९.	शाखा कार्यालय धरान ।
१०.	शाखा कार्यालय पोखरा ।	११.	शाखा कार्यालय विरगञ्ज ।		

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

(१) वित्तीय संस्थाको संक्षिप्त परिचयः

मञ्जुश्री फाईनान्स लिमिटेड (साविकको मञ्जुश्री फाईनान्सियल ईन्स्टिच्युसन लिमिटेड), कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०३/०६ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६४/०६/२७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६४/०६/२८ देखि संस्थाले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । वित्तीय संस्थाको केन्द्रीय कार्यालय का.म.न.पा.-१०, नयाँबानेश्वर, काठमाण्डौमा रहेको छ । यस वित्तीय संस्थाको संस्थापकहरुमा सरकारी सेवा, प्रध्यापन एवं व्यवस्थापनमा प्रशस्त अनुभव तथा लामो समय देखि दखखल भएका प्रतिष्ठित व्यवसायीहरु रहेका छन् ।

(२) वित्तीय संस्थाको उद्देश्यः

नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धि कानुन, कम्पनी कानुन, धितोपत्र सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्य देहाय बमोजिम हुने छन्ः

(क) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र संवर्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देहको औद्योकि, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शिप र श्रम तथा पूँजीलाई उचित परिचालन गरि ग्रामिण तथा सहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रर्वद्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरि संस्थागत लगानी तथा स्वस्थ प्रतिशपर्धाको माध्यमबाट वित्तीय मध्यस्ताको सेवा उपलब्ध गराउने ।

५. शेयर पूँजीको संरचना :

(१) अधिकृत पूँजी :

यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१,००,००,००,०००/- (अक्षेरुपी एक अर्ब) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १,००,००,००० (एक करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएकोछ ।

(२) जारी पूँजी :

यस वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु.७६,०५,९७,५००/- (अक्षेरुपी छयहत्तर करोड पाँच लाख सन्तानब्बे हजार पाँच सय मात्र) हुनेछ ।

(३) चुक्ता पूँजी :

यस वित्तीय संस्थाको चुक्ता पूँजी रु.७६,०५,९७,५००/- (अक्षेरुपी छयहत्तर करोड पाँच लाख सन्तानब्बे हजार पाँच सय मात्र) हुनेछ ।

नोटः हाल यस वित्तीय संस्थाको चुक्ता पूँजी रु.७२,४३,७८,५००/- (अक्षेरुपी बहत्तर करोड त्रिचालिस लाख अठहत्तर हजार पाँच सय) रहेकोमा यस हकप्रद साधारण निष्काशन पश्चात जारी पूँजी चुक्ता हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचनाः

समूह	शेयरधनी	साधारण शेयर संख्या	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक	३८,७९,०४७.२५	५१%	३८,७९,०४,७२५	शत प्रतिशत
ख	सर्वसाधारण (कर्मचारीहरु समेत)	३७,२६,९२७.७५	४९%	३७,२६,९२,७७५	शत प्रतिशत
	जम्मा	७६,०५,९७५	१००%	७६,०५,९७,५००	

७. संचालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

वित्तीय संस्थाको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

सि.नं.	नाम	पद	योग्यता	ठेगाना	अनुभव	समूह
१.	दामोदर प्रसाद गौतम	अध्यक्ष	बि.ए./बि.एल.	ल.पु.जि. ल.पु.उ.म.न.पा. वडा नं. ५	सरकारी सेवामा लामो समयसम्म कार्यरत रहि नेपाल सरकारको मुख्य सचिव पदबाट सेवा निवृत हुनुभएको साथै अमेरिकाका लागि नेपालको राजदुत र ट्रान्सफरेन्सी इ.ने. को सस्थापक रहनु भई हाल यस वित्तीय संस्थामा संचालक रही कार्यभार समाल्नु भएको छ ।	संस्थापक
२.	कमल कुमार बेगानी	संचालक	बि.एस.सि.	का.जि. का.म.न.पा. वडा नं. १ नक्साल	बेगानी समूहका अध्यक्ष र विभिन्न व्यापारिक फर्म कम्पनीको संचालक समेत रहनु भई हाल यस वित्तीय संस्थामा संचालकका रुपमा योगदान गरिरहनु भएको छ ।	संस्थापक
३.	सुमन प्रसादअधिकारी	संचालक	बि.बि.एस.	झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १५	विगतमा लामो समय विभिन्न INGO मा कार्यरत रेकोमा हाल व्यक्तिगत व्यापार समेत गरि रहनु भएको तथा यस वित्तीय संस्थामा संचालक भई कार्य गरिरहनु भएको छ ।	संस्थापक
४.	शिव प्रसादशर्मा	संचालक	एम.ए.	का.जि. का.म.न.पा. वडा नं. १०	सरकारी सेवामा लामो समयसम्म कार्यरत रहि नेपाल सरकारको वाणिज्य विभागको विशिष्ट श्रेणी D.G. भई अवकास प्राप्त पश्चात हाल यस वित्तीय संस्थामा संचालक पदमा आसिन भई रहनु भएको छ ।	सर्वसाधारण
५.	चिन्तामणि गौतम	संचालक	एम.फिल.	नारायणपुर १, दाङ्ग	विगत लामो समय देखि APEX COLLEGE प्रध्यापन रहि कार्य गरिहनु भएको साथै यस वित्तीय संस्थामा संचालक पदमा रहनु भएको छ ।	सर्वसाधारण
६.	ईन्दिरा पण्डित (घिमिरे)	संचालक	एम.ए.	शारदा नगर, चितवन	अध्यापन कार्यमा कार्यरत रहि सामाजिक सेवा गर्दै आईरहनु भएकोमा हाल यस वित्तीय संस्थामा संचालक रहनु भएको छ ।	सर्वसाधारण
७.	रबिन राज देवकोटा	संचालक	बि.बि.एस.	मैतिदेवी, काठमाडौं	विगत केही वर्ष देखि व्यवसाय क्षेत्रमा कार्यरत रहि काम गरि रहनु भएको छ तथा यस संस्थाका संचालक रहनु भएको छ ।	सर्वसाधारण

नोटः संचालक श्री श्याम कृष्ण ढकालले संचालक पदबाट राजिनामा दिनुभएको ।

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको विवरण :

नाम : श्री सन्तोष निरौला
ठेगाना : महोत्तरी जिल्ला रामनगर गा.वि.स. वडा नं. ४ (हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर)
शैक्षिक योग्यता : एम.ए. (अर्थशास्त्र)/सि.ए.
अनुभव : (१) लक्ष्मी बैंक लिमिटेडमा ४ बर्ष प्रमुख आन्तरिक लेखापरिक्षण तथा प्रमुख वित्त तथा कोष भई कार्य गरेको अनुभव (२) एन आई सि एशिया बैंकमा ७ बर्ष प्रमुख वित्त तथा कोष भई कार्य गरेको अनुभव (३) हाल बिगत ३ बर्षदेखि मञ्जुश्री फाईनान्स लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहनु भएको ।

८. संचालक समितिको बनौट :

वित्तीय संस्थाको संचालक समितिमा हुने प्रतिनिधित्व सम्बन्धी व्यवस्था निम्न बमोजिम रहेको छ :

"'क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित र मनोनीत संचालकहरु	३ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	३ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञ सूचीबाट मनोनीत संचालक	१ जना
जम्मा	७ जना

***नोटः** संचालक समितिको संख्या ८ रहेको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन पश्चात एक जना संचालकले राजिनामा दिई प्रबन्धपत्रमा उल्लेख भएको अधिकतम संख्या (अधिकतम ७ जना) कायम रहेको । यस मध्ये एकजना विशेषज्ञ सञ्चालक नियुक्तीको प्रकृयामा रहेको छ ।*

९. निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :

वित्तीय संस्थाको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ७२,४३,७८५ कित्ताको सय शेयर बराबर पाँच शेयर (१०० : ५) को अनुपातमा (५ प्रतिशत) साधारण शेयर, प्रति शेयर रु.१००/- का दरले जम्मा ३,६२,१९० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको सय कित्ता शेयर बराबर पांच कित्ता शेयर (१००:५) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिइ शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था र अन्य ऐन, नियम बमोजिम सञ्चालक समितिले पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा बाँडफाँट गरिनेछ ।

१२. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

हकहस्तान्तरणबाट अरुको हकको समेत शेयरका लागि दरखास्त दिएको अवस्थामा बाहेक आफ्नो हकभन्दा बढी शेयरकोलागि आवेदन गर्न पाईनेछैन तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा खण्डित शेयरलाई पूर्ण कित्तामा दरखास्त दिन पाइनेछ । यसरी खण्डित शेयरलाई पूर्ण कित्तामा दरखास्त दिंदा वढि हुने भएमा बाँकी रहन गएको शेयरमा मिलान गर्ने र यसरी मिलान गर्दा पनि थप शेयरहरु जारी हुने भएमा वा पूँजी संरचनामा परिवर्तन हुने भएमा आगामी साधारण सभाबाट निर्णय गराई थप शेयरहरु श्री नेपाल धितोपत्र बोर्डमा दर्ता गर्ने व्यवस्था मिलाईनेछ । तर कुनै शेयरधनीले आफ्नो हकभन्दा कम शेयरका लागि आवेदन दिएमा आवेदन बमोजिम नै हुनेछ ।

१३. वित्तीय संस्थाको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु. हजारमा)

पूँजी तथा दायित्व	वास्तविक			*आ.व. २०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. शेयर पूँजी	२,२५,०००	२,५०,६५०	२,८५,७४१	७,७८,७०७	८,१४,९२६	८,१४,९२६	८,१४,९२६
२. जगेडा कोषहरु	२२,३७१	३२,१७३	२८,१६८	३६,४५९	९२,६२३	१,९२,८१७	३,३४,५८५
३. ऋणपत्र तथा वन्ड	-	-	-		-	-	-
४. तिर्न बाँकी कर्जा तथा सापट	-	१,००,०००	१,८७,९००	२,७५,८९३	३७,९००	३७,९००	३७,९००
५. निक्षेप दायित्व	१३,४८,८१४	२०,८७,५८१	२४,८४,६१९	३५,८४,६०२	५८,७६,२२१	७४,०३,८६६	८७,८८,१६६
६. भुक्तानी दिनु पर्ने विलहरु	-	-	-		-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	१६,८७५	१,३५०	१,८४७	२,८५९	८९,६४२	१,१०,०१५	१,२२,२३९
८. आयकर दायित्व	-	-	-		-	-	-
९. अन्य दायित्व	१०,५७९	८,८६०	२६,९५८	२५,५०५	५५,५०५	६७,६५६	६८,७३०
जम्मा	१६,२३,६३९	२४,८०,६१४	३०,१५,२३३	४७,०४,०२५	६९,६६,८१७	८६,२७,१८०	१,०१,६६,५४६

सम्पत्ति	वास्तविक			*आ.व. २०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. नगद मौज्दात	१०,३३२	२३,४६३	३५,७६४	६५,८५३	१,१७,५२४	१,४८,०७७	१,७५,७६३
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	५४,४३९	४७,६४०	२,१४,४७८	१,१०,१६६	१,९५,५००	४,९५,५००	७,३५,५००
३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	४,०९,९७९	६,१६,०२७	६,१०,२८८	७,२८,८४९	१३,१६,०७८	१६,३६,०७८	१८,७६,०७८
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-		-	-
५. लगानी	१७,२१४	२३,०७५	५८	७०,०००	४,३७,७२५	४,३७,७२५	४,३७,७२५
६. कर्जा सापट तथा विल खरिद	१०,७७,०६१	१७,१०,८२१	२०,८०,४८७	३५,९३,९२६	४६,८८,९७७	५६,८८,९७७	६६,८७,९७७
७. स्थिर सम्पत्ति	११,५२९	१२,८८३	११,४३०	४३,४१६	५२,०९९	५७,३०९	६३,०४०
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-		-	-	-
९. अन्य सम्पत्ति	४३,०८५	४६,७०५	६२,७२८	९१,८१५	१,५८,९१३	१,६३,५१३	१,९०,४६३
जम्मा	१६,२३,६३९	२४,८०,६१४	३०,१५,२३३	४७,०४,०२५	६९,६६,८१७	८६,२७,१८०	१,०१,६६,५४६

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			*आ.व. २०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
ब्याज आम्दानी	१,४६,८९२	२,००,५८१	२,६४,३१४	४,४१,९९१	७,१४,४१४	८,६२,२१४	१०,४०,३१९
ब्याज खर्च	९०,३५९	१,३९,९९१	१,५५,७०२	२,८६,२७७	४,४०,७१७	४,८१,२५१	५,७१,२३१
खूद ब्याज आम्दानी	५६,५३३	६०,५९०	१,०८,६१२	१,५५,७१४	२,७३,६९७	३,८०,९६३	४,६९,०८८
कमिशन तथा डिस्काउण्ट	१०८	२,७२३	२,०६३	६,००५	११,०५५	१६,०३०	२३,२४४
अन्य संचालन आम्दानी	१४,६३२	१२,९२५	१३,३२१	२७,९२३	४४,४२३	५६,४२३	६९,९२३
कूल संचालन आम्दानी	७१,२७३	७६,२३८	१,२३,९९६	१,८९,६४२	३,२९,१७६	४,५३,४१६	५,६२,२५५
कर्मचारी खर्च	१०,८२८	१५,४९४	१८,३६९	२८,०६१	४०,६८९	५०,८६१	६२,०५०
अन्य संचालन खर्च	१४,५१०	१८,०७५	१९,०७२	३७,४८३	४८,७२९	६०,९११	७३,०९३
सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मूनाफा	४५,९३५	४२,६६९	८६,५५५	१,२४,०९८	२,३९,७५९	३,४१,६४५	४,२७,११२
सम्भावित नोक्सानी ब्यवस्थाहरु	२५,२६५	१४,२६४	३५,२३३	२४,९८४	१२,०००	१२,०००	१३,०००
सञ्चालन मूनाफा	२०,६७०	२८,४०५	५१,३२२	९९,११४	२,२७,७५९	३,२९,६४५	४,१४,११२
गैर सञ्चालन आम्दानी / नोक्सान	-	३,०६१	६,५३६	१,९१३		-	-
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	-	-	-		-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	२०,६७०	३१,४६६	५७,८५८	१,०१,०२७	२,२७,७५९	३,२९,६४५	४,१४,११२
असामान्य कारोबारहरूबाट भएको आम्दानी/खर्च	-	-	६,००९		-	-	-
सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा	२०,६७०	३१,४६६	५१,८४९	१,०१,०२७	२,२७,७५९	३,२९,६४५	४,१४,११२
कर्मचारी बोनस ब्यवस्था	१,८७९	२,८६०	४,७१४	९,१८४	२०,७०५	२९,९६८	३७,६४७
आयकर व्यवस्था	६,०३३	८,६७८	१४,२०३	३१,६२३	६१,२४७	८९,४६८	१,१२,४६०
- यस वर्षको कर व्यवस्था	९,०११	६,१२८	१७,९८६	२७,५१४	६२,११६	८९,९०३	१,१२,९४०
- विगत वर्षसम्मको कर व्यवस्था	१०२	-	-		-	-	-
- यस वर्षको स्थगन कर आम्दानी/खर्च	३,०८०	२,५५०	३,७८३	४,११०	(८६९)	(४३५)	(४८०)
खुद मुनाफा	१२,७५८	१९,९२८	३२,९३२	६०,२१९	१,४५,८०६	२,१०,२०९	२,६४,००६
शेयर संख्या	२,२५०	२,२५०	२,५०६	७,७८७	८,१४९	८,१४९	८,१४९
प्रति शेयर आम्दानी रु.	५.६७	८.८६	१३.१४	७.७३	१७.८९	२५.८०	३२.४०

नेटवर्थ सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वास्तविक			*आ.व. २०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
शेयर पूँजी	२,२५,०००	२,५०,६५०	२,८५,७४१	७,७८,७०७	८,१४,९२६	८,१४,९२६	८,१४,९२६
प्रस्तावित बोनश शेयर	-	-	-	-	-	-	-
जगेडा तथा कोषहरु	२२,३७१	३२,१७३	२८,१६८	३६,४५९	९२,६२३	१,९२,८१७	३,३४,५८५
कुल	२,४७,३७१	२,८२,८२३	३,१३,९०९	८,१५,१६६	९,०७,५४९	१०,०७,७४३	११,४९,५११
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	२,४७,३७१	२,८२,८२३	३,१३,९०९	८,१५,१६६	९,०७,५४९	१०,०७,७४३	११,४९,५११
शेयर संख्या (हजारमा)	२,२५०	२,५०६	२,८५७	७,७८७	८,१४९	८,१४९	८,१४९
प्रति शेयर (नेटवर्थ) रु.	१०९.९४	११२.८६	१०९.८७	१०४.६८	१११.३७	१२३.६६	१४१.०६
नेटवर्थमा भएको औसत प्रतिफल "प्रतिशतमा"	५.१६%	७.०४%	१०.५०%	७.३९%	१६.०७%	२०.८६%	२२.९७%
नेटवर्थमा निष्कासन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न आवश्यक न्यूनतम प्रतिफल				१०.५०%			

* आर्थिक बर्ष २०७३/७४ को वित्तीय विवरण व्यवस्थापनबाट प्रमाणित गरिएको ।

द्रष्टव्य : प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पि.एल.आर.जी. एसोसियट्सका श्री सन्तोष लम्साल (चाटर्ड एकाउन्टेन्ट्स) ज्यूले प्रमाणित गर्नुभएको छ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भाबित जोखिमहरु :

(१) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
(२) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
(३) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
(४) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
(५) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
(६) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
(७) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(८) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाल बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(९) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
(१०) यस वित्तीय संस्थाले आफ्नो कारोवार २०६४/०६/२८ गते देखि मात्र संचालन गरेको हुँदा वित्तीय संस्थाको कारोवार संचालनको इतिहास १०(दश) बर्ष पुरा भैसकेको छ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न वित्तीय संस्थाले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ ।

(१) आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तमुखी सेवाहरु प्रदान गर्नेछ ।
(२) मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि वित्तीय संस्थाले प्रभावकारी कर्जा अनुगमन नीति अवलम्वन गरेको छ ।
(३) त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसार आधुनिक प्रविधि अपानाउने, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको व्यहोरा अनुरोध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिमः

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात धितोपत्र बिनिमय बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(१) यस विवरण अनुसार जारी गरिने हकप्रद शेयरको निष्काशन प्रयोजनका लागि वित्तीय संस्थाले शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिमा कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १०० : ५ को अनुपातमा (विद्यमान १०० शेयर बराबर नयाँ ५ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
(२) प्रत्येक शेयरधनीले हकप्रद शेयरका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, अभौतिकिकरण खाता नं., आफुले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।
(३) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।
(४) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले राख्न पाउने आधारमा माथि ब(१) मा उल्लेख भए अनुसार खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।
(५) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि वित्तीय संस्थाले आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिमा कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्ने छन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।
(६) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।
(७) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी बिरोध लाग्नेछैन ।
(८) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि वित्तीय संस्थाको संचालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

१६. यस वित्तीय संस्थाको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको पछिल्लो तीन महिनाको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्यूनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
०७१/०७२	१९१	१३२	१८४	५७,११५
०७२/०७३	३९१	१७६	३८४	११,३१,०८६
०७३/०७४	५०३	१४३	१५७	१२,७९,९६५

महिना	अधिकतम शेयर मूल्य (रु)	न्यूनतम शेयर मूल्य (रु)	अन्तिम बजार मूल्य (रु)	शेयर कारोबार संख्या
मंसिर २०७४	१४८	१३६	१४४	७५,४३७
पौष २०७४	१४७	१३८	१४२	९८,२५२
माघ २०७४	१४७	१३९	१४०	३०,६२२

द्रष्टव्यः वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी ब्यबस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, ले निर्धारित गरेको समयभित्र हकप्रद शेयरको बाँडफाँट गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सुचिकरण पश्चात शेयरधनीहरुको अभौतिक खातामा सोझै जम्मा गर्नको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

(१) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" एवं अन्य नियम निर्देशिकामा भएको ब्यबस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी ब्यबस्थामा भएको प्रावधान अनुसार सूचिकरण गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।
(२) स्वीकृत विवरणपत्र मार्फत निष्काशित गरिने हकप्रद शेयर प्राप्त गर्ने डिम्याट खाता भएका शेयरधनीहरुलाई निजहरुले चाहेको खण्डमा नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा सुचिकरण पश्चात भौतिक रुपमा समेत उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

क) नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार यस वित्तीय संस्थाले आफ्नो तत्काल चुक्ता पूँजी रु.७६,०५,९८,०००/- (अक्षेरुपी छयहत्तर करोड पांच लाख अन्ठानव्वे हजार) हुने गरी आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सोही अनुसार पूँजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरीएको ।
ख) वित्तीय संस्थाको विशेष साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पूँजीमा १०० शेयर बराबर ५ शेयर (१०० : ५) को अनुपातमा हकप्रद शेयर निष्काशन गरि वित्तीय संस्थालाई आवश्यक पर्ने पूँजी संकलन गर्ने ।
ग) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
घ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी जुटाउन ।

२०. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः

(१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका शेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ । यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित साविकको शेयरवालाले नियम १७ बमोजिम गरिने हकप्रद निष्काशन देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र अनुसूची-११ बमोजिमको ढाँचामा दरखास्त यस वित्तिय संस्थाको
बिक्री प्रबन्धक श्री एनआइबिएल एस क्यापिटल लिमिटेडलाई निवेदन दिई मनोनयन गर्न सक्ने छ तथा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।
  (क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
  (ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार ईकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,
  (ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धीत नियामक निकायले शेयरको स्वामित्व संख्याको सिमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,
  (घ) संगठित संस्थाको प्रबन्धत्रप र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहक्रित गरिएको भएमा सोहि समूह भित्र रहने गरि मात्र मनोनय गरिएको,
  (ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचिमा नरहेको,
  (च) मनोनयन गरिने व्यक्ति प्रचलित कानुन बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको ।
(२) मनोनयनगर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।
(३) मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरि लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिन शेयरधनि (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।
(४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीका लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठीत संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद गर्न पाउने छैन ।
(५) यस नियम बमोजिम हकप्रद धितोपत्र हस्तान्तरण भएका धितोपत्रको संख्या र हस्तान्तरण गरी लिने दिने शेयरधनीको संख्या जानकारी सहित उपनियम (३) बमोजिम जम्मा हुन आएको शुल्क निष्काशन तथा बिक्री प्रबन्धक मार्फत हकप्रद निष्काशनको धितोपत्र बाँडफाँट भएको पन्ध्र दिन भित्र बोर्डमा बुझाउने व्यवस्था गरिनेछ ।
(६) यस नियममा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।
(८) वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैङ्क वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको हकप्रद शेयर एक आपसमा हक हस्तान्तरण गरि लिनदिन हुँदैन ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछ :

सि.न.	शिर्षक	अनुमानित रकम
१	तरलता/बैंक	२८,९७५००/-
२	शाखा विस्तार तथा भौतिक पुर्वाधार निर्माण	२५,३५३००/-
३	कर्जा लगानी	३,०७,८६२००/-
	जम्मा	३,६२,१९०००/-

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यबस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाइ निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छः

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाडौं ।	००५३४०१०२८३
२.	मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाडौं ।	०१३१०४००२२४६८८००००४

उपरोक्त निष्काशन बैंकमा दरखास्त फारम वितरण गर्ने तथा बुझिलिने ब्यबस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने धितोपत्रको दरखास्त खुला रहने अवधि ३५ दिनको हुनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा निष्काशन कम्पनीले बिक्री प्रबन्धक मार्फत सूचना प्रकाशित गरी बढीमा थप १५ (पन्ध्र) दिनको लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्न अगावै सो को जानकारी श्री नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरुः

१.	श्री एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं तथा यसका सम्पूण शाखा कार्यालयहरु ।
२.	श्री मञ्जुश्री फाइनान्स लिमिटेडको नयां बानेश्वर र सम्पूर्ण शाखा कार्यालयहरु ।
३.	सि-आश्वा प्रणाली मार्फत आवेदन दिन चाहने निवेदकले श्री नेपाल धितोपत्र बोर्डबाट सि- आश्वा प्रणालीमा सहभागि बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा एनआइबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरीदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा पठाउन सकिने छ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

साथै दरखास्त फारम निष्काशन कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाईटबाट डाउनलोड गरी भरेर बुझाउन सकिनेछ ।

२५. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस वित्तीय संस्थाका सञ्चालक तथा आधारभूत शेयरधनीहरुले जम्मा गर्नु पर्ने शत् प्रतिशत रकम भुक्तानी गरिसकेको व्यहोरा अवगत गराउंदछौं ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्कासन खुल्ला मिति	**: २०७४/१२/८ गते**
निष्कासन बन्द हुने मिति	**: २०७५/१/१२ गते (बैकिङ्ग समय पश्चात्)**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्तवाला उपस्थित हुन नसकेमा मात्र

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
MANJUSHREE
रजिष्टर्ड (केन्द्रीय कार्यालय) नयाँबानेश्वर, काठमाण्डौ वडा नं. १०
फोनः ०१-४७८२५१७/४७८३१८५ फ्याक्सः ०१-४७८२५३४

विषय : मञ्जुरीनामा सम्बन्धमा

म/हामी आफैं उपस्थित हुन नसकेकोले मेरो/हाम्रो नाममा आवेदन गरेको .... कित्ता हकप्रद शेयर प्रतिशेयर रु. १००/- का दरले जम्मा रु. .... (अक्षरेपी रु. ....) मध्ये बाँडफाँटमा .... कित्ता हकप्रद शेयर परेकोले बाँकी रु. .... (अक्षरेपी रु. ....) श्री .... हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं। निजलाई भुक्तानी दिनु भएमा पछि कुनै बाधा बिरोध गर्ने छैन/छैनौं। गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मञ्जुरी छ।

भवदीय,

निवेदकको दस्तखत :- .... मञ्जुरीनामा पाउनेको दस्तखत :- ....

निवेदकको नाम :- .... मञ्जुरीनामा पाउनेको नाम :- ....

यो रसिद हराई अर्कालेे भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।